सूचनाको हक सम्बन्धी ऐन, २०६४

को दफा (५) तथा नियमावलीको नियम (३) बमोजिम स्वत प्रकाशन हुने सूचना

# आन्तरिक राजस्व कार्यालय

## दाङ्ग, तुल्सीपुर ।

## आ.व. २०८०/०८१

**(स्वतः प्रकाशन २०८० माघदेखि चैत्र मसान्तसम्म)**

**१. आन्तरिक राजस्व कार्यालय, दाङ्ग**

नेपालको संविधानले परिलक्षित गरे अनुरुप बिकास र समद्धिको लक्ष्य साकार पार्न आन्तरिक स्रोत परिचालनको महत्वपूर्ण भूमिका रहन्छ। मुलुकको आन्तरिक राजस्व परिचालन गर्ने मुल उद्धेश्यका साथ अर्थ मन्त्रालय अन्तर्गत बिभागका रुपमा रहेको आन्तरिक राजस्व विभाग मातहत ४३ वटा आन्तरिक राजस्व कार्यालयहरुमध्ये आन्तरिक राजस्व कार्यालय तुलसीपुर दाङले मुख्य रुपमा आयकर, मुल्य अभिवृद्धि कर र अन्तःशुल्क ऐन/कानूनको प्रशासन गर्न मिति २०५८ सालमा स्थापना भएको एक कार्यालय हो। यस कार्यालयको मातहतमा करदाता सेवा कार्यालय श्रीनगर सल्यान र करदाता सेवा कार्यालय चकचके प्यूठान रहेका छ न्। यस कार्यालयले दाङ, सल्यान, रुकुम पूर्व, रुकुम पश्चिम र सल्यान, प्यूठान एवम् रोल्पा जिल्ला भित्र अवस्थित करदाताहरुको कर प्रशासन गर्दै करदाता से वा, राजश्व संकलन र कर परिक्षण एवम् अनुसन्धानको कार्यहरु गर्दछ। आन्तरिक राजस्व परिचालनका लागि महत्वपूर्ण टेवा पुरयाउने उद्देश्यका साथ सूचना प्रविधिको उपयोग गर्दै करदाता सेवा प्रदान गर्ने , सबै करदाताको पहिचान दिने गरी स्थायी लेखा नम्बर जारी गर्ने , स्वयं कर निर्धारण प्रणालीलाई आत्मसाथ गर्दै सीमित करदाताको कर परीक्षण र अनुसन्धान गर्ने, सूचना प्रविधिको उपयोगबाट कर सहभागिता बढाउने र कर संकलन लागत घटाउने, करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउने, करदाता शिक्षा तथा सचेतना कार्यक्रम, करदातामैत्री प्रशासनलाई आत्मसाथ गर्दै स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न यस कार्यालयले आफ्नो दैनिक काम कार्यवाही सञ्चालन तथा सेवा प्रवाह गर्दै आएको छ। आन्तरिक राजस्वमा हुने बढोत्तरीसंगै मुलुकको आर्थिक समृद्धि जोडिएकोले करछली तथा चुहावट नियन्त्रण गरी **स्वच्छ, पारदर्शी प्रविधिमैत्री कर प्रशासनः विकास समृद्धि र सुशासन** तर्फ यस कार्यालय परिलक्षित रहेको छ।

**२. कार्यालयको कार्यक्षेत्रः**

आन्तरिक राजस्व कार्यालय दाङ्गको कार्यक्षेत्र दाङ्ग , रोल्पा, रुकुम(पूर्वी भाग), रुकुम पश्चिम, सल्यान र प्यूठान जिल्ला रहेको छ ।

**३. अन्तर्गतका करदाता सेवा कार्यालयहरुः**

(क) करदाता सेवा कार्यालय, चकचके, प्यूठानःप्युठान र रोल्पा जिल्ला ।

(ख) करदाता सेवा कार्यालय, सल्यानःसल्यान, रुकुम (पूर्व) र रुकुम (पश्चिम) जिल्ला ।

## ४. कार्यालयको संगठन संरचना/ दरवन्दी तेरिजः

| विवरण | पद, नाम | तह/श्रेणी | सेवा | समूह | स्विकृत दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| कार्यालय प्रमुख | टिकाराज चौलागाई | रा.प. द्धितीय | प्रशासन | राजस्व | १ | |
| कर अधिकृत | प्रेम बहादुर सुनार | रा.प. तृतीय | प्रशासन | राजस्व | ६ जना।२ रिक्त | |
| कर अधिकृत | लुट बहादुर बुढाथोकी | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | हिरानन्द देवकोटा | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| कर अधिकृत | खिमलाल पुन | रा.प. तृतीय | प्रशासन | राजस्व | | |
| ना.सु | जसराज वली | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | ८ जना।२ रिक्त | |
| ना.सु | नवराज बुढा | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| ना.सु | विष्णु खड्का | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| ना.सु | गणेश खड्का | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| ना.सु | पार्वती भण्डारी | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| ना.सु | सुजता पोखरेल | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | | |
| लेखापाल | हासिराम वली | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | |
| डा.ई.सु. | मदन रावत | रा.प.अनं. प्रथम | विविध | प्राविधिक | २ | |
| डा.ई.सु. | कृष्णभक्त श्रेष्ठ | रा.प.अनं. प्रथम | विविध | प्राविधिक | | |
| सवारी चालक | कृष्ण बहादुर डाँगी | श्रेणी बिहिन | प्रशासन | सा.प्र | १ | |
| का.स. | चन्द्रिका न्यौपाने | श्रेणी बिहिन | प्रशासन | सा.प्र | ३ | |
| का.स. | भिम बहादुर खड्का | श्रेणी बिहिन | प्रशासन | सा.प्र | | |
| का.स | गर्भी चौधरी | श्रेणी बिहिन | प्रशासन | सा.प्र | | |

## ५. कार्यलयको कामसंग सम्वन्धित विशेष कानूनहरुः

- सालवसाली रुपमा जारी हुने आर्थिक ऐन,
- आयकर ऐन,२०५८ र नियमावली,२०५९ तथा आयकर निर्देशिका, २०६६
- मु.अ.कर ऐन,२०५२ र नियमावली, २०५३ तथा मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- अन्तशुल्क ऐन,२०५८ र नियमावली,२०५९ तथा अन्तशुल्क निर्देशिका, २०६८
- मदिरा ऐन,२०३१ र नियमावली,२०३३
- जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन, २०७६)
- क्यासिनोको आकस्मिक लाभकर सम्बन्धी निर्देशिका, २०७२
- विद्युतीय बीजक सम्बन्धी कार्यविधि, २०७४
- विलासिता शुल्क सम्बन्धी कार्यविधि, २०८०
- वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- वैदेशिक रोजगार सेवा शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय सेवा कर (डिजिटल सर्भिस टयाक्स) सम्बन्धी कार्यविधि, २०७९

- गैर बासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०७९ ।

**६. यस कार्यालयको प्रवाह गरिने सेवाहरु**

(*विस्तृत विवरण कार्यालयको प्रवेशद्धार नजिक रहेको नागरिक वडापत्रमा उल्लेख गरिएको*)

- करदाता सेवा, करदाता दर्ता, कर विवरण प्राप्ति, करको दायरा विस्तार, दर्ता खारेजी,
- कर संकलन, बक्यौता असुली, तथा बेरुजु सम्बन्धी कार्य,
- अन्तःशुल्क इजाजात जारी तथा नविकरण,
- कर फिर्ता, कर परीक्षण तथा अनुसन्धानको कार्य,
- करदाताको अभिलेख व्यवस्थापन र अद्यावधिक गर्ने, करदाताको बायोमेट्रिक,
- ननफाईल सम्बन्धी कार्य, बजार अनुगमन, अवैध मदिरा नियन्त्रण,
- विधुतीय बिजक अनुमती, कम्प्यूटर बिलिङ्ग,
- करदाता शिक्षा र सचेतना कार्यक्रम, गुनासो सुनुवाई,
- ऐन, नियमावली तथा निर्देशिकामा तोकिए बमोजिमका कार्यहरु आदि ।

**७. करदाता दर्ता विवरण संख्याः**

यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत रहेका करदाता दर्ता संख्या देहाय अनुसार रहेको छः-

**२०८० चैत्र महिनासम्मको**

| सि.नं. | विवरण | | करदाता दर्ता संख्या |
|---|---|---|---|
| १ | व्यक्तिगत स्था.ले.नं. | | १२६६१३ |
| २ | आयकरमा दर्ता (जसमध्ये) | | ७३९५४ |
| | मू.अ.कर | ७४३० | |
| | शिक्षा | ७८ | |
| | अन्तःशुल्क | ५६६१ | |
| ३ | अग्रिम करकट्टी | | २०९९ |
| **जम्मा** | | | **२०२६६६** |

**८. राजस्व संकलनको अवस्थाः**

गत आ.व.२०७९/८० मा यस कार्यालयलाई राजस्व संकलनको लक्ष्य रु.३ अर्व ७ करोड ३० लाख ९२ हजार तोकिएकोमा लक्ष्यको तुलनामा २ अर्व ३१ करोड ५१ लाख ०५ हजार अर्थात् ७५.३३ प्रतिशत संकलन भएको थियो । यस कार्यालयको चालु आ.व. २०८०/८१ का लागि राजस्व संकलनको लक्ष्य रु. ३ अर्व ०२ करोड १४ लाख तेह्र हजार रहेकोमा हालसम्म देहाय अनुसार संकलन प्रगती भएको छः-

| Group | आ.व. २०८० चैत्रको (रु. हजारमा) | | | आ.व. २०८० चैत्र सम्मको (रु. हजारमा) | | | गत आ.व. २०७९ चैत्र सम्मको (रु. हजारमा) | | | गत आ.व.को तुलनामा बृद्धिदर % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | |
| (A) Income Tax | 223433 | 131338 | 58.78 | 953641 | 809913 | 84.93 | 1051675 | 750885 | 71.40 | 7.86 |
| (B) Rental Income Tax | 6336 | 3180 | 50.19 | 38363 | 17743 | 46.25 | 43941 | 21038 | 47.88 | -15.66 |
| (C) Interest | 5506 | 1510 | 27.42 | 40076 | 28610 | 71.39 | 27813 | 25567 | 91.92 | 11.90 |
| (D) VAT (Internal) | 106451 | 82484 | 77.49 | 699227 | 463870 | 66.34 | 689132 | 504303 | 73.18 | -8.02 |
| (E) Excise (Internal) | 47648 | 30591 | 64.20 | 345597 | 249914 | 72.31 | 321150 | 245796 | 76.54 | 1.68 |
| (F) Health Service | | | | | | | 3 | 0 | 0 | |
| (G) Education | | | | | | | 391 | 29 | 7.42 | -100.00 |
| **Total** | **389374** | **249103** | **63.98** | **2076904** | **1570050** | **75.60** | **2134105** | **1547618** | **72.52** | **1.45** |

नोटः आन्तरिक राजस्व कार्यालय, दाङ्गको मात्र लक्ष्य र प्रगति समावेश छ

### ९. बक्यौता कर संकलनको अवस्थाः

आयकर तथा मू.अ.कर बक्यौता असुलीको लक्ष्य रु.५करोड ०७ लाख ८९ हजार रहेकोमा प्रगति ७ करोड ६३ लाख२५ हजार अर्थात लक्ष्यको तुलनामा १५०.२७ प्रतिशत रहेको छ ।

### १०. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण

| जम्मा बिनियोजित बजेट | | २०८० चैत्र महिनासम्म चालु खर्च | २०८० चैत्र महिनासम्म पुँजीगत खर्च | जम्मा खर्च | प्रगति (प्रतिशत) |
|---|---|---|---|---|---|
| चालु | पुँजीगत | | | | |
| २४४९७००० | ७५०००० | १३२१६८१५ | ३१६९०७ | १३५३३७२२ | ५३.६ |

### ११. निर्णय गर्ने प्रक्रिया र अधिकारी

कुनै पनि बिषयमा निर्णय लिनु पूर्व कानूनी प्रक्रिया पुर्याई सम्वन्धित शाखाबाट उठान भएका बिषयमा आधार र कारण सहित कार्यालय प्रमुखबाट निर्णय गराई कार्यम्पादन हुने गरेको।

### १२. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र सम्पर्क नम्वर

- सूचना अधिकारी प्रेम बहादुर सुनार (९८५७८७०१०९)
- कार्यालय प्रमुख टिकाराज चौलागाई (९८५७८७०११०)

### १३. कार्यालयको सम्पर्क माध्यम

आन्तरिक राजस्व कार्यालय दाङ्ग, तुल्सीपुर

Website: https://ird.gov.np/branch/inlandrevenueofficedang.

Email: iro51@ird.gov.np

Contact no: ०८२-५२२१०९

Location:https://maps.google.com/maps?ll=28.134537,82.299204&z=17&t=m&hl=en&gl=NP&mapclient=embed&q=Inland%20Revenue%20Office%20Tulsipur%2022412.